आकाशवाणी समाचार- नेपाली
मितिः २४ सितम्बर २०२४
समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. संयुक्त राष्ट्रसंघको महासभाको **भविष्य** शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी हितका लागि भारतले आफ्नो डिजिटल पूर्वाधार साझा गर्न तयार रहेको बताउनु भयो।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले न्यूयोर्कमा संयुक्त राष्ट्र महासभामा विभिन्न देशका प्रमुखहरुसंग द्विपक्षीय भेटवार्ता गर्नु भएको छ।

३. अष्ट्रेलिया भ्रमणको पहिलो दिन केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले सरोकारवालाहरुसँग विभिन्न भेटघाट र अन्तरक्रियामा भाग लिनु भएको छ।

४. लोकसभा अध्यक्ष ओम बिरलाले व्यवस्थापिकाको कार्यदक्षता र कार्य सम्पादनमा सुधार गर्न प्रविधिको प्रयोगमा जोड दिनु भएको छ।

५. एम-पॉक्सको क्लैड 1 बी भेरियन्टको पहिलो केस देशमा रिपोर्ट गरिएको छ।

**प्रधानमन्त्री संयुक्त राष्ट्र - भविष्य शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले डिजिटल सार्वजनिक पूर्वाधारलाई अवरोध नभई पुल बन्नु पर्ने बताउनु भएको छ। संयुक्त राष्ट्रसंघको महासभाको **भविष्य** शिखर सम्मेलनमा हिजो प्रधानमन्त्रीले विश्वव्यापी हितका लागि भारतले आफ्नो डिजिटल पूर्वाधार साझा गर्न तयार रहेको बताउनु भयो। श्री मोदीले सुरक्षित टेक्नोलोजी र यसको जिम्मेवार प्रयोगको लागि सन्तुलित नियमनको आवश्यकता रहेको बताउनु भयो। उहाँले सार्वभौमसत्ता र अखण्डता कायम हुने गरी विश्वव्यापी डिजिटल सुशासन चाहेको बताउनु भयो।

**Byte**

श्री मोदीले यो पनि भन्नु भयो, मानवताको सफलता सामूहिक बलमा हुन्छ, युद्धको मैदानमा होइन। शान्ति र सुरक्षामा परेको खतराबारे उहाँले एकातिर आतंकवाद विश्वव्यापी शान्ति र सुरक्षाका लागि गम्भीर खतरा बनेको छ भने अर्कोतर्फ साइबर, समुद्र र अन्तरिक्ष द्वन्द्वका नयाँ अखाडाका रूपमा देखा परेको बताउनु भयो। यी सबै विषयमा प्रधानमन्त्रीले विश्वव्यापी पहलहरू विश्वव्यापी महत्वाकांक्षासँग मेल खानु पर्ने बताउनु भयो।

**Byte**

भारतमा २५ करोड जनतालाई गरिबीबाट बाहिर निकालेर हामीले दिगो विकास हासिल गर्न सकिन्छ भनेर देखाएका छौं। उहाँले भन्नु भयो, हामी हाम्रो सफलताको अनुभव ग्लोबल साउथसँग साझा गर्न तयार छौं। उहाँले G-20 को स्थायी सदस्यको रूपमा अफ्रिकन युनियनको समावेशलाई यस दिशामा महत्त्वपूर्ण कदमको रूपमा पनि वर्णन गर्नु भयो।
श्री मोदीले यो पनि भन्नु भयो, भारतको लागि 'एक पृथ्वी, एक परिवार, एक भविष्य' प्रतिबद्धता हो।

****** ० ******

**प्रधानमन्त्रीको भेटघाट**

प्रधानमन्त्री नरेन्द्र मोदीले न्यूयोर्कमा संयुक्त राष्ट्र महासभामा समिट ऑफ द फ्यूचरको अतिरिक्त युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग भेट गर्नु भयो। उहाँले अर्मेनियाका प्रधानमन्त्री निकोल पाशिन्यान र भ्याटिकन होली सीका विदेशमन्त्री कार्डिनल पिट्रो

पारोलिनसँग पनि कुराकानी गर्नु भयो।प्रधानमन्त्री श्री मोदीले भियतनामका राष्ट्रपति तो लामसँग पनि द्विपक्षीय भेटवार्ता गर्नु भएको छ। दुई नेताले आपसी सहयोग अभिवृद्धि गर्ने उपाय र विश्वव्यापी र क्षेत्रीय मुद्दाहरूबारे छलफल गरेका थिए। दुई देशबीचको सभ्यता र साँस्कृतिक सम्पर्कको महत्वलाई पनि दोहोऱ्याइयो।प्रधानमन्त्री श्री मोदीले यस महिना भियतनाममा आँधी यागीबाट भएको क्षतिप्रति सहानुभूति र ऐक्यबद्धता व्यक्त गर्नु भयो। भियतनामका राष्ट्रपतिले आपतकालीन मानवीय सहायता र अपरेशन सद्भाव अन्तर्गत भारतबाट प्राप्त राहत सामग्री समयमै उपलब्ध गराएकोमा प्रधानमन्त्री श्री मोदीप्रति कृतज्ञता व्यक्त गर्नु भयो।

****** ० ******

**विदेश मन्त्रालयको ब्रिफिङ**

विदेश सचिव विक्रम मिश्रीले प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमण निकै गहन र सफल भएको बताउनु भएको छ। न्यूयोर्कमा सञ्चारकर्मीसँग कुरा गर्नु हुँदै मिश्रीले प्रधानमन्त्रीको भ्रमणका क्रममा आयोजना गरिएको सामुदायिक कार्यक्रमले अमेरिकामा भारतीय अमेरिकी समुदायले कस्तो संलग्नता बनाएको छ भन्ने देखाएको बताउनु भयो। उहाँले भारतीय समुदाय दुई देशबीचको जिउँदो कडी भएको बताउनु जसलाई प्रधानमन्त्रीले पनि स्वीकार गर्नु भयो। उहाँले यो भ्रमण निकै प्रभावकारी रहेको भन्दै क्वाड संयुक्त वक्तव्य र अमेरिका–भारत द्विपक्षीय तथ्य पत्रमा झल्किएको बताउनु भयो।

****** ० ******

**उप राष्ट्रपति - यूपी ट्रेड शो**

उप राष्ट्रपति जगदीप धनखरले उत्तर प्रदेशको गौतम बुद्ध नगरमा अन्तर्राष्ट्रिय ट्रेड शोको दोस्रो संस्करणको भोलि उद्घाटन गर्ने कार्यक्रम छ। पाँच दिने ट्रेड शो २९ सेप्टेम्बरमा समापन हुनेछ। यस कार्यक्रमले उत्तर प्रदेशको व्यापार र संस्कृतिलाई प्रदर्शन गर्नेछ। भियतनाम यस कार्यक्रममा साझेदार देश हुनेछ। गत वर्ष यस ट्रेड शोको पहिलो संस्करणको उद्घाटन राष्ट्रपति द्रौपदी मुर्मुले गर्नु भएको थियो।

****** ० ******

**गोयल-अष्ट्रेलिया**

अष्ट्रेलिया भ्रमणको पहिलो दिन हिजो केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले सरोकारवालासँग विभिन्न भेटघाट र अन्तरक्रियामा भाग लिनु भएको छ। वाणिज्य तथा उद्योग मन्त्रालयका अनुसार श्री गोयलले अष्ट्रेलिया र भारतका प्रमुख कार्यकारी अधिकृतहरू रहेको अष्ट्रेलियाको बिजनेस काउन्सिलले आयोजना गरेको राउन्ड टेबलमा भाग लिनु भएको थियो। श्री गोयलले अष्ट्रेलियाका उद्योगपतिहरूलाई भारतको आर्थिक विकासमा अवसरहरू खोज्न आमन्त्रित गर्नु भयो। उहाँले अस्ट्रेलिया पेन्सन फण्डका वरिष्ठ प्रतिनिधिसँग पनि भेट गर्नु भयो।बैठकहरू भारत सरकारको बलियो नीति र सुधार एजेन्डामा केन्द्रित थिए, जसले लगानीकर्ताहरूको विश्वास बढाएको छ। भेटका क्रममा श्री गोयलले भारतीय बजारमा नवीकरणीय ऊर्जा, उत्पादन, शिक्षा, फिनटेक र एग्रीटेक जस्ता उदीयमान क्षेत्रहरूमा लगानी गर्न प्रोत्साहित गर्नु भयो। उहाँले भारतीय महावाणिज्य दूतावासले आयोजना गरेको सिड्नी क्रिकेट मैदानमा भारतीय समुदायका प्रतिनिधिहरूसँग पनि कुराकानी गर्नु भयो। उहाँले अष्ट्रेलिया-भारत सम्बन्धमा भारतीय समुदायको योगदानको प्रशंसा गर्नु भयो र उहाँहरूको सफलताका कथाहरू द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने सुनौलो धागो भएको बताउनु भयो।

****** ० ******

**वित्तमन्त्री–उज्बेकिस्तान भ्रमण**

वित्तमन्त्री निर्मला सीतारमण आजदेखि पाँच दिने भ्रमणका लागि उज्वेकिस्तान प्रस्थान गर्दै हुनुहुन्छ । आफ्नो भ्रमणका क्रममा वित्तमन्त्रीले भोलि र बिहीबार समरकन्दमा हुने एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) को बोर्ड अफ गभर्नर्सको नवौं वार्षिक बैठकमा भाग लिनु हुनेछ । श्रीमती सीतारमणले भारत र उज्वेकिस्तानबीच द्विपक्षीय लगानी सन्धि (BIT) मा पनि हस्ताक्षर गर्नु हुनेछ ।

****** ० ******

**वैष्णव-राजस्थान यात्रा**

केन्द्रीय सूचना तथा प्रसारण तथा रेल मन्त्री अश्विनी वैष्णव आज राजस्थान भ्रमणमा जाने भएका छन् । उहाँले जयपुरस्थित भारतीय जनता पार्टी कार्यालयमा पार्टी कार्यकर्तासँग अन्तरक्रिया गर्नु हुनेछ । त्यसपछि उहाँ पार्टीको प्रदेश महिला मोर्चाले आयोजना

गर्ने सदस्यता अभियानमा सहभागी हुनेछन् । श्री वैष्णवले जयपुरको गान्धीनगर रेलवे स्टेशनको पुनर्विकास कार्यको पनि निरीक्षण गर्नु हुनेछ । रेल मन्त्री श्री वैष्णवले सवाई माधोपुरदेखि सुमेरगञ्ज मण्डीसम्म रेलमा यात्रा गर्नु हुनेछ र रेलवे ट्र्याक संरक्षण प्रणाली - कवचको निरीक्षण गर्नु हुनेछ र सुमेरगञ्ज मण्डीदेखि दिल्लीसम्मको विन्डो ट्रेलिङ पनि गर्नु हुनेछ ।

****** ० ******

## संसदीय सम्मेलन

लोकसभा अध्यक्ष ओम बिरलाले व्यवस्थापिकाको कार्यदक्षता र कार्य सम्पादनमा सुधार गर्न प्रविधिको प्रयोगमा जोड दिनु भएको छ। नयाँ दिल्लीमा हिजोबाट शुरु भएको दुई दिने राष्ट्रमण्डल संसदीय संघ (सीपीए)को भारत क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै उहाँले यस्तो बताउनु भएको छ। श्री बिरलाले विभिन्न फोरमहरूमा छलफल गर्न र प्रविधिको माध्यमबाट समाजको अन्तिम व्यक्तिको कल्याणको लागि कल्याणकारी योजनाहरू बनाउन व्यवस्थापिकाहरूलाई आग्रह गर्नु भयो। उहाँले प्रविधि र सञ्चारका साधन जनताको दैनिक जीवनको अभिन्न अंग बनिसकेको अवस्थामा जनप्रतिनिधिले जनताका आकांक्षा र अपेक्षा पूरा गर्ने उपाय खोज्नुपर्ने बताउनु भयो।दिगो विकास र समावेशी शासनका लागि विधायिका संस्थाहरूको भूमिकामा जोड दिँदै श्री बिरलाले लोकतान्त्रिक संस्थाहरूले कार्यपालिकाको जवाफदेहिता र पारदर्शिता सुनिश्चित गरेर शासनलाई थप जिम्मेवार र प्रभावकारी बनाउँछ भन्नुभयो। श्री बिरलाले समावेशी विकासमा आउने चुनौती र अवरोधको समाधान खोज्नु जनप्रतिनिधि र व्यवस्थापिकाको दायित्व भएको बताउनु भयो। सम्मेलनमा राज्य र केन्द्र शासित प्रदेशका विधानमंडलहरुका 46 पीठासीन अधिकारी, 25 अध्यक्ष र 14 उपाध्यक्ष सम्मेलनमा सहभागी छन्। सम्मेलनको नारा ‘दिगो र समावेशी विकास हासिल गर्न विधायिका निकायको भूमिका’ रहेको छ।

****** ० ******

## एम-पक्स - क्लेड 1 बी

एम-पॉक्सको क्लैड 1 बी भेरियन्टको पहिलो केस देशमा रिपोर्ट गरिएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार गत हप्ता संयुक्त अरब इमिरेट्सबाट केरला आएका एक युवकमा यो प्रकारको केस फेला परेको थियो। बिरामीको अवस्था स्थिर रहेको र निगरानीमा राखिएको मन्त्रालयले जनाएको छ।Monkeypox संक्रमण सामान्यतया एक हल्का संक्रमण हो, जुन 2 र 4 हप्ताको बीचमा रहन्छ। बिरामीहरू सामान्यतया राम्रो व्यवस्थापन र हेरचाहको साथ निको हुन्छन्।

****** ० ******

## जम्मु कश्मीर-चुनाव

जम्मु कश्मीरमा भोलि हुने दोस्रो चरणको विधानसभा चुनावको सम्पूर्ण तयारी पूरा भएको छ । यस चरणमा पाँच जिल्लाका २६ विधानसभा सिटमा मतदान हुँदैछ । यी जिल्लाहरू जम्मू क्षेत्रको रियासी, राजौरी र पुन्च र कश्मीर उपत्यकाको श्रीनगर र बडगाम हुन् । यस चरणमा करिब २५.७८ लाख मतदाताले २३९ उम्मेदवारको भाग्यको फैसला गर्नेछन् । दोस्रो चरणको चुनावको प्रचारप्रसार हिजो साँझ सकिएको छ । केन्द्र शासित प्रदेशमा तीन चरणमा विधानसभा चुनाव हुँदैछ । मतगणना अक्टोबर ८ मा हुनेछ। गत सेप्टेम्बर १८ मा भएको पहिलो चरणको विधानसभा चुनावमा ६१ प्रतिशतभन्दा बढी मतदान भएको थियो भने बाँकी ४० विधानसभा क्षेत्रको तेस्रो चरणको निर्वाचन अक्टोबर १ मा हुनेछ।

****** ० ******

## महाराष्ट्र कैबिनेट निर्णय

महाराष्ट्र सरकारले राज्यका २७ हजारभन्दा बढी ग्राम पञ्चायतहरुमा कार्यरत सरपंच र उप सरपंचको पारिश्रमिक बढाउने घोषणा गरेको छ। उनीहरुको पारिश्रमिक दोब्बर गर्ने निर्णय हिजो मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेको हो।मन्त्रिपरिषद्ले क्रिकेटर अजिंक्य रहाणेलाई बान्द्रामा दुई हजार स्क्वायर मिटर जग्गा खेलकुद कम्प्लेक्स निर्माणका लागि भाडामा दिने पनि स्वीकृति दिएको छ। यो प्लट पहिले सुनील गावस्करलाई भाडामा दिइएको थियो, जसले कम्प्लेक्सको विकास गर्न असफल भएको थियो। शिरुरदेखि छत्रपति संभाजीनगरसम्म १४ हजार ८८६ करोडको लागतमा नयाँ ग्रीनफिल्ड एक्सप्रेसवे निर्माण गर्ने प्रस्ताव पनि स्वीकृत भएको छ। २०५ किलोमिटर लामो द्रुतमार्ग निर्माण, सञ्चालन र स्थानान्तरण-बीओटी आधारमा निर्माण गरिनेछ।मन्त्रिपरिषद्ले राज्य सञ्चालित महाराष्ट्र राज्य सडक यातायात निगमलाई पहिले प्रस्ताव गरिएको ३० वर्षको सट्टा ६० वर्षको अवधिमा निर्माण, सञ्चालन र स्थानान्तरण-बीओटी आधारमा व्यावसायिक विकासका लागि ३९ वटा जग्गा पार्सलहरू प्रदान गर्न स्वीकृति दिएको छ। मन्त्रिपरिषद्ले पुणे विमानस्थलको नाम ‘जगद्गुरु सन्त तुकाराम अन्तर्राष्ट्रिय विमानस्थल, पुणे’ राख्ने प्रस्तावलाई पनि स्वीकृत

गरेको छ। अब यसलाई थप प्रक्रियाका लागि केन्द्र सरकारमा पठाइनेछ। मन्त्रिपरिषद्ले प्रदेशका १४ वटा औद्योगिक तालिम संस्थानको नाम परिवर्तन गर्न पनि स्वीकृति दिएको छ।

****** ० ******

**सरकार - महिला नेतृत्व विकास - 100 दिन**

केन्द्र सरकारले तेस्रो पटक सत्तामा आएपछि पहिलो सय दिन पूरा गरेको छ । यस अवधिमा, सरकारले पूर्वाधार, सामाजिक कल्याण, किसान, मध्यम वर्ग, महिला र युवाहरूमा ध्यान केन्द्रित गरी 15 लाख करोडको परियोजनाहरू सुरु गरेको छ । विशेषगरी ग्रामीण र आर्थिक रूपमा विपन्न महिलाको विकासका लागि सरकारले सशक्त पहल गरेको छ ।

****** ० ******

**स्वच्छता ही सेवा अभियान**

आवास तथा शहरी मामिला मन्त्रालयले स्वच्छता ही सेवा अभियान अन्तर्गत पहिचान गरिएका सर सफाइ लक्ष्य युनिटमध्ये २५ प्रतिशतलाई सफा ठाउँमा परिणत गरी सुशोभित गरेको छ। अप्ठ्यारो, चुनौतीपूर्ण र उपेक्षित ठाउँहरू देशभरका 5 लाखभन्दा बढी CTUs लाई सरसफाइ अभियानको लागि लक्षित गरिएको थियो, मन्त्रालयले एक विज्ञप्तिमा भन्यो। विज्ञप्तिमा 3 करोडभन्दा बढी नागरिकहरू स्वेच्छिक रूपमा शहरी र ग्रामीण भारतको रूपान्तरणमा भाग लिइरहेका छन्।मन्त्रालयले यो पनि भनेको छ कि हालसम्म देशभरका 4 लाखभन्दा बढी स्थानहरूमा CTUs मा सरसफाई पहल सक्रिय रूपमा चलिरहेको छ| यो पहल यस महिनाको 17 सेप्टेम्बरदेखि २ अक्टोबरसम्म चलिरहेको दुई हप्ताको अभियानको एक महत्त्वपूर्ण स्तम्भ हो, किनकि स्वच्छ भारत मिशनले शहरी स्वच्छताको एक प्रतिष्ठित दशक पूरा गर्दछ।

****** ० ******